"विद्यालय समायोजन गरी कायम भएका ठूला विद्यालयलाई स्कुल बस व्यवस्थापन गर्न अनुदानका लागि प्रस्ताव पेश गर्नेसम्बन्धी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना "

आर्थिक वर्ष २०८०।०८१ का लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम विद्यालय समायोजन गरी कायम भएका केही ठूला विद्यालयलाइ स्कुल बस व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम भएकाले देहाय बमोजिमका आधार पुगेका इच्छुक विद्यालयहरूले स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको शिफारिस सहित यही मिति २०८० पुष मसान्तभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा आइपुग्नेगरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

गत आर्थिक वर्ष बस व्यवस्थापन अनुदानका लागि यस केन्द्रमा प्राप्त प्रस्तावहरू यथावत राखिएको हुनाले ती विद्यालयहरूले पुन: प्रस्ताव पेश गर्नुनपर्ने तर पेश गरेका विवरणहरू (विद्यार्थी सङ्ख्या, समायोजन भएका विद्यालय सङ्ख्या, कक्षा ११ र १२ मा भौतिक विज्ञान रसायन विज्ञान जीव विज्ञान विषय अध्यापन भएको मोटरवाटोको अवस्था, ) मा कुनै संसोधन भएमा तोकिएको समयसीमाभित्र अद्यावधिक गर्नुहुनसमेत यसै सूचनाबाट जानकारी गराइएको छ।

*प्रस्ताव पेश गर्ने विद्यालयका आधारहरू*

(१) सामुदायिक विद्यालयको रूपमा अनुमति वा स्वीकृतिप्राप्त गरी नियमित रूपमा कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय हुनुपर्ने छ।

(२) विद्यालयमा नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन भएको हुनुपर्ने छ ।

(३) शैक्षिक सत्र २०७७/२०७८/२०७९/२०८० भित्र दुई वा सो भन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन वा मर्ज भै हाल तराइ क्षेत्रमा कम्तीमा १८०० पहाडमा १२०० र हिमालमा ६०० विद्यार्थी अध्ययनरत भएको विद्यालय हुनु पर्नेछ ।

(४) विद्यालयमा बाह्रै महिना सजिलोसँग आवतजावत गर्न मिल्ने भरपर्दो बाटो भएको हुनुपर्ने छ।

(५) बस संचालनका लागि फ्युल, मर्मत तथा चालक र सहचालकको खर्च विद्यालय आफैले वा स्थानीय तहले व्यहोर्ने प्रतिवद्धता हुनुपर्नेछ।

(६) नेपाल सरकार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागबाट जारी भएको स्कुल बस निर्देशिका २०७४ मा भएको व्यवस्था पालन गर्ने प्रतिवद्धता सहित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट सिफारीस भएको हुनुपर्ने छ ।

(७) *गत आव र चालु आव मा प्रदेश सरकार वा स्थानीय सरकारबाट बस व्यवस्थापनका लागि सहयोग लिइसकेका विद्यालयहरू बाहेकका विद्यालय हुनुपर्ने छ र प्रस्तावको ढाँचा लगायतका अन्य विवरण केन्द्रको वेबसाइट www.cehrd.gov.np मा हेर्न सकिनेछ ।*

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

मिति: २०८०/ /

## निवेदनको ढाँचा.

विषय: बस व्यवस्थापनका लागि अनुदान माग सम्बन्धमा ।

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर ।

प्रस्तुत विषयमा तहाँबाट मिति २०८०।९।१६ गते प्रकाशन गरिएको सूचना अनुसार यस विद्यालयबाट बस व्यवस्थापनका लागि अनुदान माग गर्ने भनी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित देहाय बमोजिमका विवरण प्रमाणित गरी पठाइएको व्यहोरा अनुरोध छ।

प्रधानाध्यापकको दस्तखत

विद्यालयको नाम

ठेगाना जिल्ला स्थानीय तह कोड नं.: प्रदेश:

प्रधानाध्यापकको नाम र सम्पर्क नं.

सञ्चालित कक्षा: अध्ययनरत विद्यार्थी सङ्ख्या क्षेत्र: हिमाली/ पहाडी/तराई

| क्र.सं. | विषय | भएको/नभएको |
|---|---|---|
| १ | नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन भएको | |
| २ | शैक्षिक सत्र २०७७, ०७८, ०७९,०८०, मा सिफारिस गरिएको विद्यालयमा मर्ज समायोजन भई आएका विद्यालयहरूको संख्या र तह | |
| ३ | विद्यालयमा बाह्रै महिना सजिलो सँग बस आवतजावत गर्न मिल्ने बाटोको व्यवस्था उल्लेख गर्ने । (१)पक्की, (२)पक्की र ग्राबल (३) पक्की ,ग्राबल र कच्ची (४) ग्राबल, (५)ग्राबल र कच्ची(६) कच्ची | |
| ४ | विद्यालयमा यस अगाडि नै बस सञ्चालन भएको भए / नभएको भएमा सङ्ख्या उल्लेख गर्ने | |
| ५ | कक्षा ११ र १२ मा भौतिक विज्ञान/रसायन विज्ञान/जीव विज्ञान पठनपाठन भएको भए खुलाउने | |
| ६ | प्राविधिक धार तर्फको शिक्षा सञ्चालन भएको भए सो उल्लेख गर्ने | |
| ७ | बस प्रयोग हुने रुट र लाभान्वित हुने विद्यार्थी सङ्ख्या। | |
| ८ | बस सञ्चालनका लागि फ्युल, मर्मत तथा चालक र सहचालकको खर्च विद्यालय आफैले वा स्थानीय तहले व्यहोर्ने प्रतिबद्धता | |
| ९ | नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, यातायात व्यवस्था विभागबाट जारी भएको स्कुल बस निर्देशिका २०७४ मा भएको व्यवस्था पालना गर्ने प्रतिबद्धता । | |

शिफारिस गर्ने स्थानीय तहको शिक्षा शाखा प्रमुखको

नाम:

दस्तखत:

मिति:

शिफारिस गर्ने इकाई प्रमुखको

नाम:

दस्तखत:

मिति: